अनुसूची-२

दफा ४ तथा अनूची-१ को भाग-२ संग सम्बन्धित

# बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ७ मितिः २०८२/०५/३०

## भाग-२

## बर्दिवास नगरपालिका

### बर्दिवास नगरपालिकाको सहकारी सञ्जाल (गठन तथा परिचालन) कार्यविधि,२०८२

<u>प्रस्तावनाः</u>- सहकारीको स्थापित मूल्य मान्यता र सिद्धान्तका आधारमा दर्ता भई नगरक्षेत्र भित्र रहेका प्रारम्भिक सहकारी संस्थाहरु बीच समन्वय स्थापना गरी सहकारी संस्थाहरुको संस्थागत विकास, प्रवर्द्धन, प्रशिक्षण तथा संरक्षणका साथै समन्वयकारी भूमिका निर्वाह गर्न वान्छनिय भएकोले, बर्दिवास नगरपालिकाको सहकारी ऐन, २०७५ (प्रथम संशोधन) को दफा १०२ (क) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरीएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम बर्दिवास नगरपालिकाको सहकारी सञ्जाल (गठन तथा परिचालन) कार्यविधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. <u>परिभाषाः</u>

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) **ऐन** भन्नाले बर्दिवास नगरपालिकाको सहकारी ऐन, २०७५ लाई जनाउनेछ ।

(२) **कार्यपालिका** भन्नाले बर्दिवास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्नेछ ।

(३) **नियमावली** भन्नाले बर्दिवास नगरपालिकाको सहकारी नियमावली, २०८२ लाई जनाउनेछ साथै उक्त शब्दले संघीय सरकार वा प्रदेश सरकारबाट जारी भएको सहकारी नियमावलीलाई समेत जनाउनेछ ।

(४) **साधारण सभा** भन्नाले वार्षिक र विशेष साधारण सभा बुझिन्छ ।

(५) **समिति** भन्नाले सञ्जालको कार्यसमिति बुझ्नुपर्दछ ।

(६) **सञ्जाल** भन्नाले यस कार्यविधि बमोजिम दर्ता हुने सहकारी सञ्जाल सम्झनु पर्नेछ ।

३. <u>सहकारी सञ्जाल संगठित संस्था हुनेः</u>

(१) सहकारी सञ्जाल एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुनेछ ।

(२) सञ्जालको कामकाज प्रमाणित गर्नका लागी संस्थाले आफै छाप तथा लोगो निर्धारण गर्न सक्नेछ ।

(३) सञ्जालले व्यक्ति सरह प्रचलित कानुनको अधिनमा रही चल अचल सम्पत्ति प्राप्ति, उपभोग, बेचविखन वा अन्य कुनै प्रकारले बन्दोबस्त गर्न सक्नेछ ।

(४) सञ्जालले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

## परिच्छेद २
## उद्देश्य र कार्य

४. <u>उद्देश्यः</u> (१) सदस्य संस्थाहरुको आर्थिक, सामाजिक, व्यवसायिक तथा सांस्कृतिक हित अभिवृद्धि गर्नु सञ्जालको मुख्य उद्देश्य हुनेछ ।

५. <u>कार्यहरुः</u>

(१) सञ्जालले दफा ४ बमोजिमको उद्देश्य प्राप्तिका लागि निम्न कार्यहरु संचालन गर्नेछ ।

(क) नगर भित्रका व्यक्तिहरुलाई सहकारीको महत्व बुझाउने गरी सहकारी शिक्षा सम्बन्धी अभिमुखीकरणको अभियान सञ्चालन गर्ने,

(ख) नियामक निकाय, सहकारी अभियान/छाता संगठन, गैरसरकारी संस्था तथा दातृ निकायको सहयोगमा सदस्य संस्थाको लागी आवश्यक तालिम, कार्यक्रम संचालन गर्ने/गराउने,

(ग) नगरपालिका र स्थानीय सहकारी संस्थाहरुबीच समन्वयकर्ता, सम्पर्क विन्दुको रुपमा कार्य गर्ने/गराउने,

(घ) नगरपालिका भित्र रहेका व्यवसायिक उद्देश्यका विभिन्न प्रकृतिका औपचारिक समूहहरुलाई सहकारीमा आबद्ध हुन प्रेरित गर्ने,

(ङ) संस्थाहरुको लागत सहभागितामा आवश्यक कार्यक्रम संचालन गर्ने/गराउने,

(च) सहकारी सिद्धान्त, स्थापित मूल्य मान्यता तथा प्रतलित कानून बमोजिम सञ्जालको उद्देश्य प्राप्तिका कार्यहरु गर्ने/गराउने,

(छ) नगरपालिका र प्रारम्भिक सहकारी संस्था बीच पारस्परिक सहयोगका लागी समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ज) सहकारी बीच रहेको असल अभ्यासलाई आदान-प्रदान गर्ने वातावरण सृजना गर्ने,

(झ) सहकारी सञ्जालको नेतृत्वमा सहकारी संस्थाहरु एकआपसमा मिली बचत ऋणको कारोबार बाहेक अन्तर सहकारी कारोवार सञ्चालन गर्ने,

(ञ) सहकारी विभागले तोकेको सन्दर्भ व्याजदर कायम गराउने,

(ट) सहकारीबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधि भित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने ऋणीको नकारात्मक सूची तयार गरी नगरपालिका समक्ष पेश गर्ने,

(ठ) सहकारी संस्था बीच सूचना आदान प्रदान सम्बन्धी सेवा संचालन गर्ने,

(ड) सहकारी संस्थाहरुको संयुक्त लगानीमा सहकारी उद्यम, कृषि उपज संकलन केन्द्र, उपभोक्ता भण्डार, कृषि परियोजना, मुल्य श्रृखला अभिवृद्धि सम्बन्धी व्यवसाय सञ्चालन गर्ने,

(ढ) सहकारी संस्था संचालनमा देखा परेका नीतिगत, प्रकृयागत कठिनाईहरु, सहकारी बीचका विवादहरु र कमी-कमजोरी निराकरण गर्नको लागी साझा मञ्चको रुपमा कार्य गरी समस्या समाधान गर्न सहयोग तथा समन्वयकारी भूमिका निर्वाह गर्ने/गराउने,

(ण) संघ, प्रदेश, स्थानीय सरकार, दातृनिकाय, गैरसरकारी संस्था तथा सहकारी संघ/संस्थाबाट नगद तथा वस्तुगत अनुदान/सहयोग प्राप्त गरी सहकारी संस्थाको प्रवर्द्धन र विकासमा परिचालन गर्ने/गराउने,

(त) सहकारी सिद्धान्त, मूल्य मान्यता र प्रचलित कानुनको उलङ्घन गर्ने सहकारी संस्थालाई कानुन बमोजिम दण्ड सजाय गर्न आवश्यक सहयोग पुऱ्याउने,

(थ) नियामक निकायले समय समयमा दिएको निर्देशनहरुको पालना गर्ने र गराउने ।

(२) माथि उल्लेखित कार्यहरु गर्न प्रचलित कानुन बमोजिम कुनै निकायबाट ईजाजत वा स्वीकृति लिनु पर्ने भएमा सो ईजाजत वा स्वीकृति लिई नियामक निकायलाई जानकारी

गराएर मात्र त्यस्ता कार्यहरु संचालन गर्नु पर्नेछ ।

६. **कार्यक्षेत्रः** (१) सहकारी सञ्जालको कार्यक्षेत्र बर्दिवास नगरपालिका भित्र रहनेछ ।

७. **कार्यालयः** सहकारी सञ्जालले आफ्नो कार्य सञ्चालनको लागि कार्यालय स्थापना गर्न सक्नेछ ।कार्यालय स्थापना नहुन्जेल सम्म सदस्य संस्थालाई सञ्जालको सम्पर्क कार्यालयको रुपमा प्रयोग गर्न सकिनेछ ।

## परिच्छेद ३

## सञ्जालको सदस्यता, गठन तथा काम कर्तव्य र अधिकार

८. **सदस्यता** - (१) नगरपालिकामा एउटा मात्र सहकारी सञ्जाल गठन हुनेछ। सञ्जालमा देहाय बमोजिमका प्रारम्भिक सहकारी संस्थाहरु सदस्य रहन सक्नेछन्

क) नगरपालिकाको नियमन क्षेत्र भित्र पर्ने सबै सहकारी संस्थाहरु,

ख) संघ र प्रदेश सरकारको नियमनमा रही नगरपालिकामा मुख्य कार्यालय रहने गरी दर्ता भएका सबै सहकारी संस्थाहरु,

ग) शाखा वा सेवा केन्द्र मार्फत सेवा संचालन गरिरहेका वा गर्ने सबै संस्थाहरु ।

(२) सहकारी सञ्जालमा सदस्यता र सदस्यता खारेजी/निष्काशन सम्बन्धी व्यवस्था सञ्जालको विनियममा तोकिए बमोजिम हुनेछ ।

९. **सञ्जालको गठनः** सञ्जाल गठनको प्रक्रिया देहाय बमोजिम हुनेछ,

(१) दफा ८ बमोजिमका संस्थाहरुको प्रारम्भिक भेला गरी सञ्जाल गठनको प्रक्रिया थालनी गर्नुपर्नेछ। नगरपालिकाले दर्ता गर्नुपूर्व प्रारम्भिक भेलामा सहकारी संस्थाहरु बढी भन्दा बढी सहभागी भए नभएको विषयमा विशेष ध्यान दिनुपर्नेछ।

(२) नगरपालिका भित्र संचालनमा रहेका सबै प्रारम्भिक सहकारी संस्थाहरुको अध्यक्ष वा तोकिएको प्रतिनिधि मध्येबाट विषयगत रुपमा प्रतिनिधित्व हुनेगरी ९ सदस्यीय कार्य समिति गठन गरिनेछ। जसमा अध्यक्ष, सचिव र कोषाध्यक्ष दफा (८) को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको संस्थाहरुवाट मात्र चयन गरिनेछ।

(३) सञ्जालमा प्रतिनिधित्व गर्दा सम्भव भएसम्म संस्थाको अध्यक्षले प्रतिनिधित्व गर्नु पर्नेछ। यदि अध्यक्षले प्रतिनिधित्व गर्न सम्भव नभएमा सञ्जालक समितिको निर्णयबाट सञ्जालक समितिका पदाधिकारीहरु मध्येबाट प्रतिनिधित्व हुने गरी लिखित रुपमा प्रतिनिधित्व गर्न सकिनेछ।

(४) सहकारी सञ्जाल समितिको गठन देहाय बमोजिम गरिनेछः

१. अध्यक्ष -१ जना
२. उपाध्यक्ष -१ जना
३. सचिव -१ जना
४. कोषाध्यक्ष -१ जना
५. सदस्यहरु -५ जना

१०. <u>सञ्जालको दर्ताः</u> (१) दफा (९) बमोजिम गठन हुने सञ्जालले देहायको कागजातहरु संलग्न गरी नगरपालिकामा दर्ताको लागि निवेदन दिनुपर्नेछः

(क) प्रारम्भिक भेलाको निर्णय,
(ख) तदर्थ समितिको विवरण,
(ग) विनियमको दुई प्रति,
(घ) नगरपालिकाले मागेको अन्य आवश्यक कागजातहरु,

(२) उपदफा (१) बमोजिमको कागजातहरु अध्ययन गरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सञ्जाल दर्ता गर्न सक्नेछ ।

११. <u>पदाधिकारीहरुको पदावधिः</u> (१) पदाधिकारीहरुको पदावधि २ वर्षको हुनेछ। पदाधिकारीहरु पुनः दोस्रो पटकको लागि निर्वाचित हुन सक्नेछन्। तर अध्यक्ष पदमा एक कार्यकाल भन्दा बढी उम्मेद्वारी दिन पाईनेछैन। यदि कुनै सदस्य आफूले प्रतिनिधित्व गरेको संस्थाको पदाधिकारी वा सदस्य नरहेमा उक्त पद स्वतः रिक्त भएको मानि साधारण सभावाट पूर्ति गरिनेछ ।
(२) समितिले पदावधि सकिनु १५ दिन अगावै नयाँ समितिको चयनको कार्य सम्पन्न गरिसक्नुपर्नेछ र पदावधि सकिएको मिति देखि नयाँ समितिलाई जिम्मेवारी हस्तान्तरण गर्नुपर्नेछ ।

१२. <u>कार्यसमितिको पद अवैतनिक हुनेः</u>- सहकारी सञ्जालको समितिको पद अवैतनिक हुनेछ। सहकारी सञ्जालको गठन सहकारिता प्रवर्द्धन तथा सामाजिक सेवाको ध्येयले गरिने भएकोले नियमित पारिश्रमिक पाउने गरी कुनै निर्णय गर्न पाईने छैन।
तर, संजालको बैठक बस्दा नियमानुसारको बैठक भत्ता लिन यसले बाँधा पुगेको मानिनेछैन् ।

१३. <u>समितिको बैठक</u>-
(१) सञ्जालको कार्य संचालनको लागि समितिको बैठक नियमित रुपमा बस्नेछ। सञ्जालको दुई बैठक बीच ४५ दिन भन्दा बढीको अन्तर हुनेछैन। अध्यक्ष स्वयम्ले वा अध्यक्षको निर्देशानुसार तोकिएको मिति, स्थान र समयमा सचिवले समितिको बैठक बोलाउनेछ।

(२) सञ्जालको बैठक सदस्य संस्थाहरुमा घुम्ति बैठकको रुपमा क्रमिक रुपमा नदोहोरिने गरी संचालन गर्न सकिनेछ। यसरी डाकिने बैठकको व्यवस्थापन सम्बन्धित संस्थाले मितव्ययी रुपमा गर्नुपर्नेछ।

(३) अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।उपाध्यक्ष पनि नरहेको अवस्थामा पदाधिकारीको वरिष्ठता अनुसार अध्यक्षता गर्नुपर्नेछ ।

(४) समितिका ५१ प्रतिशत सदस्यहरु बैठकमा उपस्थित भए बैठक संचालनको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(५) बैठक सम्बन्धी अन्य व्यवस्था सञ्जालको विनियम वा आन्तरिक कार्यविधि बमोजिम हुनेछ।

**१४. <u>समितिको काम कर्तव्य र अधिकारः</u>** (१) सदस्य संस्थाहरुको हितलाई ध्यानमा राखी कार्य समितिले देहाय बमोजिमका कार्यहरु गर्नेछः

(क) दफा ४ बमोजिमको उद्देश्य हासिल गर्न र दफा ५ बमोजिमको आवश्यक कार्यहरु गर्ने गराउने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(ङ) सञ्जालको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रम तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने,

(च) सञ्जालको सदस्यता प्रदान गर्ने,

(छ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,

(ज) कार्यक्षेत्रभित्र रही सञ्जालको कारोवार र व्यवसायको हित प्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने, गराउने

(झ) सञ्जालको विनियममा तोकिए बमोजिमका कार्यहरु संचालन गर्ने, गराउने,

(ञ) नगरपालिकाले समय समयमा तोकिदिएका कार्यहरु संचालन गर्ने, गराउने,

**१५. <u>सञ्जालको कोषः</u>** १) सहकारी सञ्जालको एउटा छुट्टै कोष हुनेछ जसमा देहाय बमोजिमका रकमहरु रहनेछन्

(क) सदस्यता वापत संस्थाहरुबाट प्राप्त हुने रकम,

(ख) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ग) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(घ) स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ङ) गैरसरकारी संघ/संस्थाबाट प्राप्त अनुदान रकम,

(च) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान वा सहायता रकम

(छ) व्यावसायिक कार्यबाट आर्जित रकम,

(ज) सम्पति बिक्रीबाट प्राप्त हुने रकम,

(झ) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम।

## परिच्छेद ४
## साधारण सभा सम्बन्धी व्यवस्था

१६. <u>साधारण सभाः</u>

(१) सञ्जालको सर्वोच्च अंगको रुपमा साधारण सभा हुनेछ। सञ्जालमा आवद्ध भएका सम्पूर्ण सदस्य संस्थाहरु भएको एउटा साधारण सभा हुनेछ। प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले बढीमा ६ महिना भित्र समितिले साधारण सभा बोलाउनुपर्नेछ ।

(२) साधारण सभा बोलाउदा सभा हुने स्थान समय र मिति तथा छलफलका विषयहरु समेत खुलेको विवरण कम्तीमा १५ (पन्ध्र) दिन अगावै सदस्यहरुलाई सार्वजनिक रुपमा सुचना दिनुपर्ने कर्तव्य समितिले निर्वाह गर्नेछ। यस्तो सुचना पत्रिका मार्फत पनि प्रकाशित गर्न सकिनेछ। सुचनाको प्रभावकारिताका लागि संचारका विद्युतीय माध्यम समेत प्रयोग गर्न सकिनेछ।

(३) वार्षिक साधारण सभाको गणपुरक संख्या त्यस्तो सभाको कूल सदस्य संख्याको ५१ प्रतिशत हुनेछ। सोही संख्यामा सदस्यहरु उपस्थित भएमा सभाको काम कारवाही शुरु हुनेछ।

(४) पहिलो पटक गणपुरक संख्या नपूगी दोस्रो पटक सभा बोलाउनु परेको अवस्थामा सदस्यहरुलाई कम्तिमा ७ दिनको अर्को सुचना दिनु पर्नेछ। त्यसरी बोलाइएको सभाको गणपुरक संख्या कूल सदस्य संख्याको २५ प्रतिशतलाई मानिनेछ।

(५) वार्षिक साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा पदको मर्यादाक्रम अनुसार अध्यक्षता गरिनेछ।

(६) वार्षिक साधारणसभामा छलफल गरिने सबै विषयहरु प्रस्तावको रुपमा सभाको अध्यक्षता गर्नेले पेश गर्नुपर्नेछ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गरिनेछ।

(७) मत बराबर भएमा सभाको अध्यक्षले निर्णायक मत दिनु पर्नेछ।

१७. <u>विशेष साधारण सभाः</u> (१) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछः

(क) समितिको पदाधिकारीले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्धारा पारित भएमा,

(ख) समितिले कुनै खास कामको लागि विशेष साधारण सभा बोलाउने निर्णय गरेमा,

(ग) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाई पन्ध्र प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(घ) नगरपालिकाबाट विशेष साधारण सभा बोलाउन निर्देशन भएमा ।

(२) विशेष साधारण सभा सम्बन्धी अन्य व्यवस्था साधारण सभा सरह नै हुनेछ ।

## परिच्छेद ५
## लेखा र लेखापरीक्षण

१८. <u>कारोवारको लेखा:</u> सहकारी सञ्जालको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोवारको यथार्थ स्थिति स्पष्ट रुपमा देखिने गरी प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

१९. <u>लेखापरीक्षण:</u> सहकारी सञ्जालले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

२०. <u>लेखापरीक्षकको नियुक्ति:</u> (१) सहकारी सञ्जालको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरु मध्येबाट साधारण सभाले एकजना लेखापरीक्षक नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त लेखापरीक्षकको पारिश्रमिक तथा सुविधा साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन ।

## परिच्छेद ६
## प्रतिवेदन

२१. <u>प्रतिवेदन बुझाउनु पर्नेः</u> सहकारी सञ्जालले प्रत्येक वर्ष देहायका विवरणहरु सहितको प्रतिवेदन नगरपालिकालाई बुझाउनु पर्नेछः

(क) साधारण सभाको बैठक सम्बन्धी निर्णय,

(ख) लेखापरीक्षण प्रतिवेदन,

(ग) कर चुक्ता प्रमाण पत्र,

(घ) वार्षिक कारोवार प्रतिवेदन,

(ङ) नगरपालिकाले माग गरेको अन्य विवरणहरु।

## परिच्छेद ७
## विविध

२२. <u>उजुरीः</u> सञ्जालको विषयमा नगरपालिकामा उजुरी गर्न सकिनेछ। नगरपालिकाले उजुरीको छानबिन गरी निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशनको पालना गर्नु सञ्जालको दायित्व हुनेछ।

२३. <u>व्याख्या गर्ने अधिकारः</u> यस कार्यविधिको व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा रहनेछ।

आज्ञाले,

राममणि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत